सूचनाको हकको सम्बन्धमा
सार्वजनिक निकायको दायित्व
- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,
सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हक अधिकार सुनिश्चित गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com

जनहितमा जारी सन्देश
वर्षात् कीरा–फटयाङ्ग्रा, साँप–बिच्छी सलबलाउने समय हो । बारी, खेत जाँदा, राति अँध्यारोमा हिंड्दा सतर्क बनौं । सतर्कताले धन जोगाउँछ, ज्यान बचाउँछ ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ भदौ १६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 September 01 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १५

## वन क्षेत्रको जग्गा हडप्ने भूमाफियाको योजना विफल

प्रस, निजगढ, १५ भदौ/

कोल्हवी नगरपालिका–२ मा पर्ने १११ बिघा वन क्षेत्रको जमीन व्यक्तिहरूले आफ्नो भएको दाबी गरे पनि उक्त जमीन वन क्षेत्रको रहेको डिभिजन वन




कार्यालय, बाराले पत्रकार सम्मेलन गरी सोको तथ्य, प्रमाण सार्वजनिक गरेपछि करोडौं रकम आर्जन गर्ने योजनामा लागेका भूमाफिया गिरोहको योजना विफल भएको छ ।

काठमाडौं–तराई/मधेस द्रुतमार्ग निर्माणका लागि कटान भएका रूखहरूको सोधभर्ना गर्न २०६४ सालमा वृक्षारोपणका लागि नेपाली सेनालाई उपलब्ध गराइएको साबिक सपही गाविस–१ हाल कोल्हवी नगरपालिका–२ मा पर्ने १११ बिघा क्षेत्रफलको जमीनमध्ये ११.७७ हेक्टर अर्थात् १७ बिघा छ कट्ठा वसन्तचौरीस्थित जमीन आफ्नो भएको दाबी गर्दै जिल्ला दोलखा साबिक फस्कु गाविस–५ बस्ने लीलादेवी बुढाथोकीले नेपाली सेना जङ्गी अड्डा काठमाडौंमा २०७९/११/१८ निवेदन दिएकी थिइन् ।

उक्त निवेदनपछि नेपाली सेनाले गरेको वृक्षारोपण क्षेत्र व्यक्तिको हो कि होइन भनी यकीन गर्न काठमाडौं–तराई/मधेस द्रुतमार्ग सडक आयोजना, सडक निर्माण कार्यदल बेस क्याम्प निजगढ, बारासँग मिति २०७९/११/१८ गते राय माग गरिएको थियो । जस अनुसार डिभिजन वन कार्यालय, बाराले वन अधिकृत ललनराउत कुर्मीलाई जाँचबुझ गरी यकीन प्रतिवेदन पेश गर्नेगरी अनुसन्धान शुरू गरेको थियो ।

अनुसन्धानको क्रममा सो जमीन हकदाबी गरिएको फाइल संलग्न सपही पञ्चायत–१ (घ)को नामबाट नापी कार्यालय, बाराले मिति २०७१/०६/०८ मा खडा गरेको अभिलेखमा देखिएको छ । उक्त जमीन हकदाबी गर्नेहरूमा महेशीराय थारूको नाममा कित्ता नं १ मा २० बिघा १९ कट्ठा १४ धुर, अमरबहादुर कार्कीको नाममा कित्ता नं २ को तीन बिघा १२ कट्ठा, नाम नखुलेको कित्ता नं ३ मा चार कट्ठा, नाम नखुलेको कित्ता नं ४ मा चार धुर १६ कनवा, कमलबहादुर भण्डारीको नाममा कित्ता नं ५ मा पाँच कट्ठा तीन धुर, कमलबहादुर भण्डारीको नाममा कित्ता नं ६ मा एक बिघा १५ कट्ठा आड धुर, अमरबहादुर कार्कीको नाममा कित्ता नं ७ मा सात बिघा १६ कट्ठा ११ धुर, रामनारायण थारूको नाममा कित्ता नं ८ मा १५ बिघा आठ कट्ठा छ धुर, महेशीराय थारूको नाममा कित्ता नं ९ मा दुई बिघा १७ कट्ठा, लीलादेवी बुढाथोकीको नाममा कित्ता नं १० मा १० बिघा ११ कट्ठा १८ धुर, कमलबहादुर भण्डारीको नाममा कित्ता नं ११ मा सात बिघा १० कट्ठा पाँच धुर, कमलबहादुर भण्डारीको नाममा कित्ता नं १२ मा एक बिघा छ कट्ठा १५ धुर, कमलबहादुर भण्डारीको नाममा कित्ता नं १३ मा एक बिघा दुई कट्ठा ११ धुर, मकरबहादुर काफ्लेको नाममा कित्ता नं १४ मा ३४ बिघा १० कट्ठा १९ धुर, नाम नखुलेको कित्ता नं १५ मा सात धुर, कमलबहादुर भण्डारीको नाममा कित्ता नं १६ मा आठ कट्ठा १७ धुर, नाम नखुलको कित्ता नं १७, १८ र १९ मा क्रमशः चार कट्ठा १६ धुर, सात कट्ठा १८ धुर र एक बिघा १८ कट्ठा गरी कुल १११ बिघा सात धुर १६ कनवा अर्थात् ७५.५३ हेक्टर जमीन रहेको छ। वन क्षेत्रको सो जग्गामा १९ जनाले हकदाबी गरेको देखिएको छ।

सो जग्गा व्यक्तिको नाम रहेको दाबी गरिए पनि न त नापी कार्यालयमा जग्गाको नापनक्शा छ, न त सम्बन्धित स्थानीय पालिकामा तिरो अर्थात् सो जग्गाको कर नै बुझेको वा बुझाएको देखिन्छ। कोल्हवी नगरपालिका–२ स्थित झुरझुर अस्थायी प्रहरी चौकीदेखि पूर्वउत्तरतर्फको राष्ट्रिय वन क्षेत्रको जमीनलाई आफ्नो भन्दै जमीन हत्याउने गिरोह सक्रिय भएपछि डिभिजन वन कार्यालय, बाराले करीब डेढ वर्ष लगाएर अनुसन्धान गरी ती व्यक्तिहरूले दाबी गरेका जग्गा व्यक्तिहरूको नभई वन क्षेत्रको जमीन रहेको जिल्ला वन कार्यालय, बाराले यकीनका साथ दाबी गरेको हो ।

जिल्ला वन कार्यालय, बाराले वनको जमीन आफ्नो भएको दाबी गर्दै नेपाली सेना जङ्गी अड्डा काठमाडौंमा आफ्नो जमीन भन्दै निवेदन दिने जिल्ला दोलखा साबिक फस्कु गाविस–५ बस्ने लीलादेवी बुढाथोकीलगायतको खोजी कार्य गरिरहेको छ । भूमाफियाको गिरोहले नक्शालगायतका अन्य कागजातहरू किर्ते गरेको ठहर गर्दै सोही अनुसारको जिल्ला प्रशासन कार्यालय, बारा, जिल्ला प्रहरी कार्यालय, बारालगायत सम्बन्धित निकायलाई कारबाही अघि बढाउन पत्राचार गर्ने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए ।

उनीहरूले दाबी गरेको भनिएको जमीन सदियौंदेखि वन क्षेत्रको भएको, अहिले पनि सयौं वर्ष पुराना हर्रो, जिङ्गर, पड्के, बाझी, खयर, कर्मा, हल्दु, सिमल, सिन्दुरेलगायत विभिन्न जातका रूखहरू, झाडी, बुट्यान रहेको विभिन्न समयको नक्शामा देखिएको र हाल पनि वन क्षेत्र नै देखिएको डिएफओ सिंहले दाबी गरेका छन् ।

हाल कोल्हवी नपा २ को कित्ता नं १०, १२, १३, १४, १५ र १६ व्यक्तिको जग्गा दाबी गरिएको स्थानको स्थलगत निरीक्षण गर्दा सो स्थानको जिपिएस कोर्डनेट लिई उक्त स्थानको तत्कालीन प्राकृतिक अवस्था देखिने गरी लिएको तस्बिर, नक्शामा पनि तत्कालीन राष्ट्रिय वन क्षेत्र देखिएको डिवका, बाराका सूचना अधिकारी जवाहरलालप्रसाद कुर्मीले बताए ।

आफू सानो उमेरदेखि नै सो जमीन वन क्षेत्रको रहेको जानकारी रहेको बताउँदै संलग्न दोषीहरूलाई कारबाही गर्नुपर्ने तामागढी साझेदारी वन व्यवस्थापन समिति, कोल्हवीका अध्यक्ष रवीन्द्र पनुहरले बताए । वनको जमीन आफ्नो भन्दै केही साता अघि कोल्हवी आएका केही व्यक्तिहरूलाई झुरझुर, भलुवाहीखोर, सपही, कोल्हवीका स्थानीयले चेतावनी पनि दिएका थिए ।

हाल सो जमीन तामागढी साझेदारी वन व्यवस्थापन समितिको वन क्षेत्रभित्र रहेको वन समितिका अध्यक्ष पनुहरले बताए । वनको जमीन हड्पेर करोडौं कमाउने भूमाफिया गिरोह लागिपरेको उनले बताए ।

त्यसैगरी, नापी कार्यालय, कलैया र भूमिसुधार तथा मालपोत कार्यालय, कलैयाले ती व्यक्तिहरूले दाबी गरेका जग्गाहरूको कार्यालयमा अभिलेख नरहेको डिभिजन वन कार्यालय, बारालाई २०७९/१२/२४ गते लिखित पत्राचार गरेको थियो ।

नापी कार्यालय, कलैयाका निमित्त प्रमुख चन्दनप्रसाद दासले १११ बिघा जमीनको बारे साबिक सपही १ (ग) र १ (घ) भन्ने नापनक्शा, फिल्डबूक, प्लट रजिस्टर अभिलेखमा नभएको जानकारी दिए ।

यता भूमिसुधार तथा मालपोत कार्यालय, कलैयाका अनुसार उक्त जग्गाको विषयमा निकै अगाडि केही व्यक्तिहरूले छुट जग्गा दर्ता गरिपाऊँ भनी फिल्डबूक र नक्शाका लागि कार्यालयमा निवेदन पेश गरेको देखिएको भूमिसुधार तथा मालपोत कार्यालय, कलैयाका प्रमुख रमेश पौडेलले बताए ।

सो निवेदन उपर कार्यालयले कुनै निर्णय गरेन । त्यसपछि जग्गा दाबी गर्ने व्यक्तिहरूले सर्वोच्च अदालतमा पुनः निवेदन दिएका र २०७५ सालमा सर्वोच्च अदालतबाट जो जे बुझ्नुपर्ने बुझी निवेदकका नाममा दर्ता हुने वा नहुने सम्बन्धमा अविलम्ब निर्णय गर्नु भनी परमादेश गराएर ल्याएका र हाल पनि निवेदकहरू तारेखमैं रहेको प्रमुख पौडेलले बताए ।

तर छुट जग्गाका लागि पेश गर्नुपर्ने कागजातहरूमध्ये साबिक लगत, २ नं, ७ नं फाँटवारी अनुसूची, फिल्डबूक, नक्शा, सम्बन्धित स्थानीय तहको सिफारिशलगायतका आवश्यक कागजातहरू पेश गर्नुपर्नेमा नगरेको तर फिल्डबूक र नक्शा मात्र पेश गरेकोबारे बुझ्दा फिल्डबूक र नक्शा नापी कार्यालय, कलैयाबाट प्रमाणित नभएको जानकारी आएपछि यस कार्यालय अन्तिम निर्णयमा पुग्न नसकेको भूमिसुधार तथा मालपोत कार्यालय, कलैयाका प्रमुख पौडेलले प्रतिक्रिया दिए ।

वन कार्यालयले अध्ययन, अनुसन्धान गरी सो जमीन व्यक्तिको नभई वन क्षेत्रको भएको तथ्य, प्रमाणबाट यकीन भएपछि भूमाफिया गिरोहमा संलग्न जोसुकै भएपनि कानूनी कारबाही अघि बढाउने बाराका प्रमुख जिल्ला अधिकारी शशिघर घिमिरेले बताए ।

वनको जमीन ठूलो परिमाणमा भूमाफिया गिरोहको हातमा जानबाट रोकेको भन्दै मधेस प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले डिएफओ विनोद सिंहलाई धन्यवाद दिएको डिवका, बाराले जनाएको छ। मुख्यमन्त्री सिंहले भूमाफिया गिरोह र कर्मचारी संलग्न देखिए कडा कारबाही गर्ने प्रतिबद्धता जनाउँदै सोको सम्पूर्ण कागजातसहितको फाइल प्रदेश सरकारलाई पनि पठाउन निर्देशन दिएका छन् ।

प्रदेश सरकारले राम्रो कार्य गर्ने, गराउने कर्मचारीहरूलाई प्रोत्साहन गर्ने र नराम्रो कार्य गर्नेलाई कानूनी कारबाही गर्ने नीति लिएको मुख्यमन्त्री सिंहले बताए।

## पोखरिया अस्पतालमा थाइरायडको परीक्षण शुरू

दिनेशकुमार मिश्र, वीरगंज, १५ भदौ/

पोखरिया जिल्ला अस्पतालमा थाइरायड परीक्षण गर्ने मेशीन टोकन प्रणालीबाट सञ्चालनमा आएको छ । पोखरिया आसपासका सेवाग्राहीले थाइरायड जाँचको लागि बाहिर जानुपर्ने बाध्यता हटेको छ। थाइरायड परीक्षणका लागि सेवाग्राहीले लाइन लाग्न नपरोस्



भनेर टोकन मेशीन जडान गरिएको छ र आफ्नो नम्बर आएपछि सेवा लिन सकिने व्यवस्था गरिएको छ ।

नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य सेवा विभाग व्यवस्थापन महाशाखा टेकुले रु १४ लाख ८१ हजार बराबरका उपकरणहरू पोखरिया जिल्ला अस्पतालमा पठाएको छ । रक्तचाप जाँच गर्ने सेट पाँच थान, अटोस्कोप एक थान, सक्सन मेशीन एक थान, डेलिभरी सेट दुई थान, फेटल ड्पर (डिजिटल) दुई थान, पिओसिटी एनालाइजर एक सेट र पूर्ण स्वचालित इलेक्ट्रोलिट एनालाइजर एक थान पोखरिया जिल्ला अस्पतालमा आएको मेडिकल सुपरिटेन्डेन्ट डा अनिल यादवले बताए।

पोखरिया नगरपालिकाका प्रमुख प्रद्युम्नप्रसाद चौहानले आफ्नो रगत जाँच गराएर ती उपकरणहरूको उद्घाटन गरेका थिए । सेवाग्राहीको सहजतालाई ध्यानमा राखेर नगरपालिकाले अस्पतालको लागि टोकन मेशीन खरीद गरेको तथा स्वास्थ्य उपकरणहरू व्यवस्थापन विभाग टेकुबाट आएको नगरप्रमुख चौहानले जानकारी गराए । उनले अस्पतालमा सुधारका कार्यक्रमहरू गर्दै आएको बताए। उनले आगामी दिनमा पनि अस्पतालको सेवामा वृद्धि गरिने बताए ।

पोखरिया जिल्ला अस्पताललाई स्तरोन्नति गरेर ५० शय्याको प्रादेशिक अस्पताल बनाउने विषय पनि अन्तिममा पुगेको बताए । उनले सोसम्बन्धी फाइल अर्थ मन्त्रालयमा पुगेको र राय स्वीकृति भएपछि सबै प्रक्रिया पुग्ने नगरप्रमुख चौहानले बताए । कार्यक्रममा उपप्रमुख रुबी ठाकूर, नेता नेजामुद्दीन समानी, डा सजय गुप्ता, अभिषेक कलवार, सुशील चौरसिया, सञ्जु दासलगायतको सहभागिता थियो ।

## १७८ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, १५ भदौ/

पर्सा र बारामा गरी शनिवार तीन स्थानमा सम्पन्न रक्तदान कार्यक्रममा दुईजना महिलासहित १७८ जनाले रक्तदान गरेका छन्।

नेपाल तरुण दल, पर्साले वीरगंजको माईस्थान पार्कमा आयोजना गरेको



नेपाल तरुण दल, पर्साद्वारा माईस्थानमा आयोजित रक्तदान कार्यक्रम ।

रक्तदान कार्यक्रममा एकजना महिलासहित १२२ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र, वीरगंजकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन् । कार्यक्रममा विशाल साह, पवन पटेल, रोशनकुमार गुप्ता, आकाशकुमार साह, शत्रुघ्नकुमार यादव, नाजीर अन्सारी, शेखकुमार हजरा, विवेक गुप्ता, यमबहादुर क्षेत्री, समीर मन्सुरी, धीरज चौधरी, सुनील दास थारू, सुरज कर्ण, रामकुमार मण्डल, मनोहरकुमार साह, मुकेशकुमार पटेल, अमितकुमार साह, समीर अन्सारी, प्रकाश यादवलगायतले रक्तदान गरेको उनले बताइन् ।

तरुण दल पर्साका अध्यक्ष विकास तिवारीको अध्यक्षता तथा मधेस प्रदेशका मन्त्री जनार्दन सिंह क्षत्रीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा उपप्रमुख इम्तियाज आलम, नेपाल महिला सङ्घकी जिल्ला अध्यक्ष किरण शर्मालगायतको सहभागिता थियो ।

(बाँकी अन्तिम पातामा)

## निशुल्क आँखा शिविर

प्रस, पोखरिया, १५ भदौ/

बहुदरमाई नगरपालिका–६ भौराटारमा शनिवार निशुल्क आँखा शिविर सम्पन्न भएको छ। जिल्ला प्रहरी कार्यालय पर्सा, हिमालयन क्याटऱ्याक्ट, तिलगङ्गा आँखा अस्पताल र बहुदरमाई युवा समाजको संयुक्त आयोजनामा शिविर सम्पन्न भएको थियो ।

वीरगंज सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा आयोजित शिविरमा १२८ जनाको आँखा जाँच गरिएकामा ५३ जनामा मोतीबिन्दु फेला परेको सामुदायिक आँखा

(बाँकी अन्तिम पातामा)



## विचारसार र सूक्तिहरू

**जीवनको कटु–भोगाइ के हो भने हामी बूढो छिटै हुन्छौं, बुद्धिमान् भने त्यति नै ढिलो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# अतिवादिताबाट जोगिऔं

जीवन जिउनु एउटा कला हो । यो व्यक्तिमा निर्भर छ कि ऊ कसरी जीवन जिउँछ । उसलाई ईश्वरले तन, मन र अन्तरात्माको रूपमा एउटा वीणा दिएका छन् । अब ऊ यसबाट कस्तो सुर झिक्छ, यसको उपयोग गर्छ कि दुरुपयोग गर्छ वा यसै छोडिदिन्छ, यो सबै व्यक्तिमा निर्भर गर्दछ ।

हो, यो सत्य हो कि जीवनका अतिहरूका बीच यसको सङ्गीत हराउँछ, जबकि मध्य मार्गको गर्भबाट मधुर सङ्गीत गुन्जन्छ । गीताकारले विषादग्रस्त अर्जुनलाई यस मनःस्थितिबाट बााहिर निकाल्नका लागि युक्ताहार, विहार र युक्त चेष्टाको रूपमा मध्य मार्गको उपदेश दिएका थिए ।

**समाजबाट टाढिएर आत्मकल्याणको कुरा एक प्रकारको अतिवादी स्वार्थपूर्ण सोच मान्न सकिन्छस जबकि जीवनको समग्रतालाई अँगाल्दै, सन्तुलित जीवनशैलीको मध्य मार्ग नै वरेण्य पथ हो, जसमा आत्मकल्याणका साथै लोक–कल्याण, दुवै प्रयोजन सिद्ध हुन्छ ।**

जीवनमा पूर्णताको पथ बिस्तारैबिस्तारै पार लाग्छ, अपार धैर्य एवं अनवरत श्रमका साथ जीवनको राजमार्गमा बढिरहनुपर्छ । शर्टकट वा गोरेटोको भरोस परेर यसलाई पार गर्न सकिन्न । व्यक्ति जहाँ उभिएको छ, त्यहींबाट नरबाट नारायण, जीवबाट शिवको महायात्रामा अगाडि बढ्नुपर्छ ।

मानवीय स्वभाव एवं प्रकृतिको रूपान्तरण समयका साथ घटित हुन्छ । व्यक्तित्वको सचेतन विकासका सम्भावनाहरू क्रमिकरूपमा साकार हुन्छन् । अतिवाद सबै प्रकारले घाटाको व्यापार साबित हुन्छ ।

जीवनलाई समग्ररूपमा बुझ्दै, यसको मनोकायिक, आध्यात्मिक एवं व्यावहारिक पक्षहरूमा निरन्तर काम गर्नुपर्छ, जसको आधारमा स्वतः नै जीवनका चरम सम्भावनाहरू समयका साथ साकार हुन्छन् ।

आहार–विहारको सन्तुलन पहिलो आधार हो । युक्त आहार–विहार एवं निद्राले मनको स्वास्थ्य एवं शरीरको निरोगता प्राप्त हुन्छ । भोकै बस्ने वा ठुसीठुसी खाने, दुवै अतिका बीच शरीर लामो समय टिक्न सक्दैन । यस्तोमा शरीर दुर्बल हुनुका साथै नाना प्रकारका रोगहरूको घर बन्नु निश्चित छ ।

यसै प्रकार सधैं सुतिरहनु वा एकदमै नसुत्नुको दशा–दुवै जीवनमा विसङ्गतिको कारण बन्दछन् । अत्यधिक श्रम र एकदमै अल्छी मानेर बस्नु, कुनै पनि रूपमा उचित होइन । प्रातः उठ्दादेखि राति सुत्दासम्म एउटा सन्तुलित र निर्धारित दिनचर्या नै स्वस्थ शरीर र सुखी–सन्तुष्ट जीवनको आधार बन्दछ ।

मानसिक एवं बौद्धिक विकासका लागि पनि श्रेष्ठ आहार एवं उचित व्यायाम आवश्यक हुन्छ । बौद्धिक विकास नै लौकिक उत्थानको आधार हो । मन–बुद्धिलाई एकदम खाली छोडिदिनु, दिवास्वप्नमा रल्लिइरहनु वा अत्यधिक चिन्तनमा संलिप्त रहनु, दुवै स्थिति कुनै पनि रूपमा वाञ्छनीय हुँदैन ।

बौद्धिक प्रखरता एवं बलिष्ठताका लागि नियमितरूपले मन–बुद्धिलाई श्रेष्ठ विचारहरूमा निमग्न राख्नुपर्छ, जुन श्रेष्ठ पुस्तकहरूको अध्ययन एवं चिन्तन–मननबाट मात्र सम्भव हुन्छ । यसका लागि सधैं केही क्षण जोगाउनु सबै दृष्टिले लाभकारी हुन्छ ।

आफ्नो भावनात्मक एवं व्यावहारिक विकासमा पनि यही नीतिको पालन गर्नुपर्छ । आफ्नो विकासका साथै अरूका साथ उचित व्यवहार, कर्तव्यपालन एवं सेवा, एउटा सन्तुलित जीवनको आधार हो । परिवारको उपेक्षा, समाजबाट टाढिएर बस्नु र कसैसँग लिनुदिनु केही नराख्नु, यस्तो सामान्य मानिसका लागि कुनै पनि रूपमा न सम्भव छ र न वाञ्छनीय नै ।

दुईथरीका मानिस मात्र यस्तो अवस्थामा बाँच्न सक्छन्, पहिलो परमहंस (ज्ञानको परम अवस्थामा पुगेको व्यक्ति) र दोस्रो बहुला । सामान्य मानिस त अरूका साथ भावनात्मक आदान–प्रदानको आधारमा नै आत्मिक सन्तोष पाउँछ, भावनात्मकरूपमा पुष्ट हुन्छ । आत्मविस्तारको यही प्रक्रियाले मानिसलाई अध्यात्मको क्षेत्रमा प्रवेश गर्न सघाउँछ, तर यहाँ दुवै अतिहरूबाट सतर्क हुनु आवश्यक छ ।

अरूबाट टाढिनु वा अरूप्रति मोहग्रस्त, आसक्त, राग पीडित हुनु, यी दुवै स्थिति उचित होइन । लोक–व्यवहारमा आफ्नो कर्तव्यप्रति सजगता, गर्जो परेकालाई सहायता, सेवा–सुश्रूषा नै राजमार्ग हो, जसले जीवनलाई आत्मसन्तुष्टि र आनन्दका भावका साथ आप्लावित पार्दछ ।

यिनै आधारमा जीवनमा व्यावहारिक अध्यात्मको समावेश हुन्छ । सबै कुरा छाडेर जङ्गल वा गुफामा जानु, पारिवारिक उत्तरदायित्वप्रति उदासीनता, एकदम मौन धारण गर्नु, अन्न–जलको त्याग आदि–यी अतिवादी पाइला अध्यात्मक्षेत्रमा देखिन्छ, जुन अपवादका रूपमा उचित हुन सक्छ, तर सर्वसामान्यका लागि त मध्यमार्ग नै उचित एवं वरेण्य हुन्छ ।

आहारको उद्देश्य शरीरको क्षुधापूर्ति र यसको पोषण हो । यसका लागि उचित आहार शरीरको आवश्यकता हो । यसैगरी संयमित, मर्यादित रहँदै, अतिहरूबाट जोगिंदै इन्द्रियहरूको स्वस्थ, सन्तुलित सुखभोगको आवश्यकता पूरा हुन सक्छ । त्यसैले ज्ञानीजनले गृहस्थ जीवनलाई तपोवनको संज्ञा दिएका छन् ।

मनको साधना पनि मध्यम मार्गकै आधारमा सरल र सम्भव हुन्छ । यसको निग्रह अतिवादको सहायताले गर्न सकिन्न । अत्यधिक दबाब हट्नेबित्तिकै यसले दुईगुणा वेगका साथ प्रहार गरेको देख्न सकिन्छ ।

यसविपरीत केही मनको कुरा मान्दै र केही अनुशासनमा बाँध्दै, शनैःशनैः ‘एउटा हात मायाको र दोस्रो हात स्नेहको’ भन्ने नीति अँगाल्दै मनमा काबू पाउन सकिन्छ । मनको साधनामा यो मध्य मार्गको चयन नै उचित रहन्छ ।

जीवन लक्ष्यको सन्दर्भमा गुरुदेवले दिएको सूत्र–वाक्य यहाँ प्रखर दिशाबोधक छ कि समाजको वास्तविक सेवा गर्दै आत्मकल्याण जीवनको उद्देश्य हो । समाजबाट टाढिएर आत्मकल्याणको कुरा एक प्रकारको अतिवादी स्वार्थपूर्ण सोच मान्न सकिन्छ; जबकि जीवनको समग्रतालाई अँगाल्दै, सन्तुलित जीवनशैलीको मध्य मार्ग नै वरेण्य पथ हो, जसमा आत्मकल्याणका साथै लोक–कल्याण, दुवै प्रयोजन सिद्ध हुन्छ ।

# “नेपाली मोडेल”मा सरकारका उपलब्धिहरू

विचार



सिद्धराज राई

**शान्ति सम्झौता भएको झन्डै दुई दशकसम्म पनि उक्त ऐनको अभावमा सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा नेपालप्रति अन्तर्राष्ट्रिय चासो बढेको थियो । आन्तरिकरूपमा पनि तत्कालीन नेकपा माओवादी र सरकारी पक्षबाट भएका जघन्य अपराधका पीडितले न्याय पाउन सकेका छैनन् ।**

जब देशमा सरकार र राजनीतिक दलप्रति जनस्तरबाट तीव्र आलोचना हुन थाल्छ, तब देशमा ठूला राजनीतिक दलहरूको एकता बलियो बन्दै गएको नेपालको इतिहास साक्षी छ । यस्तो एकताले देशलाई सधैं सही दिशामा डोऱ्याएको छ । जनतामा आशा र भरोसा जागृत हुने गरेको छ । २००७ सालको राणाशासनविरोधी सशस्त्र आन्दोलन, २०४६ सालको पञ्चायतविरुद्धको जनआन्दोलन र २०६२/६३ को दोस्रो जनआन्दोलन ठूला राजनीतिक दलहरूको संयुक्त सहभागितामा सम्पन्न भएको र सफलता प्राप्त भएको कुरा छर्लङ्ग छ । त्यस्तै, नेपालको संविधान २०७२ जारी गर्ने कार्य पनि ठूला राजनीतिक दलहरूको सहकार्यकै आधारमा सम्भव भएको हामीले बिर्सन मिल्दैन ।

विसं २०७९ मा सम्पन्न संसदीय निर्वाचनमा कुनै पनि दलले एकल बहुमत प्राप्त गर्न नसकेको पृष्ठभूमिमा त्यसपछिका सरकारहरू गठबन्धनका आधारमा सञ्चालित छन् । यसै शृङ्खलास्वरूप गत असार १७ गते नेपालको सत्ता राजनीतिमा पुनः नयाँ गठबन्धनको निर्माण हुने अवस्था बन्यो । नेपालका दुई ठूला राजनीतिक दल नेपाली काङ्ग्रेस र नेकपा (एमाले)बीच सत्ता सहकार्यको सहमति भयो । त्यही सहमति अनुसार एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका छन् । आवश्यकताका आधारमा संविधान संशोधन र अन्य विविध विषयमा सहकार्य गर्ने सहमतिसहित सत्ता सहकार्य शुरू भएको करीब डेढ महीना भएको छ । सत्ता सहकार्यको यो अवधि कुनै विशेष परिणामप्राप्तिको मूल्याङ्कन गरिहाल्ने उपयुक्त समय त होइन । तर यसबीचमा भए गरेका केही कार्यले सुखद भविष्यप्रति आशा भने जगाएका छन् । निराशामा पुगिरहेका नागरिकहरूका लागि यो कार्य महत्त्वपूर्ण छ । सरकार बनेपछि केही सकारात्मक कार्य भएका अनुभूति भने गर्न सकिन्छ ।

वर्तमान सरकारले गरेको एउटा महत्त्वपूर्ण कामको रूपमा सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक सङ्घीय संसद्बाट पारित हुनुलाई मान्न सकिन्छ । धेरै वर्षदेखि छलफलमा रहेको तर नटुङ्गिएको यस विषयमा प्रमुख राजनीतिक दलबीच सहमति जुटाउन सक्नु सरकारको गतिलो उपलब्धि हो । बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्बाट पारित भएपछि निकै लामो समयदेखि थातीमा रहेको शान्ति प्रक्रिया एउटा तार्किक निष्कर्षमा पुग्ने विश्वास गर्न सकिन्छ । शान्ति स्थापनाको यो प्रक्रिया ‘नेपाली मोडेल’का रूपमा विश्वभरि नै प्रशंसित भएको छ । यो विधेयक पारित भएसँगै विगतमा आफूहरू अन्यायमा परेको अनुभव गरेकालाई न्यायको आशा पलाउने निश्चित छ । शान्ति सम्झौता भएको झन्डै दुई दशकसम्म पनि उक्त ऐनको अभावमा सङ्क्रमणकालीन न्यायले पूर्णता नपाउँदा नेपालप्रति अन्तर्राष्ट्रिय चासो बढेको थियो । आन्तरिकरूपमा पनि तत्कालीन नेकपा माओवादी र सरकारी पक्षबाट भएका जघन्य अपराधका पीडितले न्याय पाउन सकेका छैनन् ।

यो विधेयक पारित भएपछि पीडित परिवार र व्यक्तिले न्याय पाउँछन् भन्ने विश्वास गर्न सकिन्छ । राष्ट्रियसभा र प्रतिनिधिसभाबाट पारित भएको यो विधेयक अब प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष प्रस्तुत हुनेछ । राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि ऐनका रूपमा कार्यान्वयनमा जानेछ । वर्तमान सरकारले सशस्त्र द्वन्द्वमा पीडित परिवार र व्यक्तिलाई थोरै भएपनि आत्मसम्मान दिने कार्य गरेको छ । राजनीतिक सहमति जुट्न नसक्दा अल्मलिएको यो विधेयक पारित गर्न सत्ता साझेदार दल र प्रमुख प्रतिपक्षी दलसँगै संसद्मा रहेका सबै दललाई सहमति गराउन सक्नु सरकारको उपलब्धिका रूपमा लिन सकिन्छ ।

त्यस्तै, विगत तीन वर्षदेखि ओरालो लागेको शेयर बजार उकालो लागेको छ । अर्थात् शेयर बजारमा कारोबार उच्च बन्दै गएको छ । हरेक दिन शेयर बजारले नयाँ कीर्तिमान कायम गर्दै आएको छ । दुई हजारभन्दा तल रहेको शेयर बजार तीन हजार दुई सयको बिन्दुमा पुगेको छ । दैनिक अर्बौंको कारोबार भएको छ । यो शेयर बजार घटेर निराश भएका लाखौं लगानीकर्ताका लागि खुशीको कुरा हो । उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको भनाइमा गत आर्थिक वर्षको साउन महीनामा सङ्कलन भएको राजस्वको तुलनामा चालू आर्थिक वर्षको साउन महीनाको राजस्व २० प्रतिशतले बढेको छ । पूँजीगत खर्च गत वर्षको तुलनामा नौ गुणाले बढेको छ । पूँजीगत खर्च बढ्नु भनेको कर्मचारी प्रशासनको मनोबल उच्च हुनु हो ।

यस्तै, घरजग्गा कारोबारको क्षेत्रमा पनि उल्लेख्य सुधारका सङ्केतहरू देखिएका छन् । भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार राजस्व ३१.७७ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको साउनमा घरजग्गा कारोबारबाट रु दुई अर्ब ९१ करोड रुपैयाँ राजस्व उठेको थियो । यस वर्षको साउनमा तीन अर्ब ८३ करोड रुपैयाँ राजस्व उठेको विभागले जनाएको छ । आन्तरिक राजस्व बढ्नलाई अर्थतन्त्र चलायमान हुन थालेको सङ्केतका रूपमा लिन सकिन्छ । निश्चय पनि यो सफलता सरकारप्रतिको विश्वास र भरोसाको सूचक हो ।

नेपालको प्रशासनिक इतिहासमा लीलादेवी गड्तौला पहिलो महिला मुख्यसचिव हुनुभएको छ । वर्तमान सरकारले कायममुकायम मुख्यसचिव रहनुभएकी गड्तौलालाई साउन १० गतेको मन्त्रिपरिषद् बैठकबाट मुख्यसचिव नियुक्त गर्ने निर्णय गरेको थियो । यो निर्णय लैङ्गिक समानताको हिसाबले र समग्र नेपाली महिलाप्रतिको सम्मान हो । निजामती प्रशासनमा यो निर्णयले युगान्तकारी अर्थ राख्नेछ । निजामती प्रशासनमा प्रवेश गर्ने हरेक कर्मचारी महिलाको मनोबल उच्च बनाउन र लक्ष्य निर्धारण गर्न गड्तौलालाई मुख्यसचिवमा नियुक्त गर्ने निर्णयले अर्थ राख्छ । राजनीतिमा महिला सहभागिता बढ्दै जानु र सरकारको यो निर्णयसँगै निजामती प्रशासनमा पनि महिला सहभागिता निर्णायक अवस्थामा पुगेको अनुभूति गर्न सकिन्छ । यस अगाडि नै नेपालमा पहिलो राष्ट्रपति विद्यादेवी भण्डारी, पहिलो सभामुख ओनसरी घर्ती र सर्वोच्च अदालतका प्रधानन्यायाधीश सुशीला कार्की नियुक्त भई अवकाश पाइसक्नुभएको छ । हेर्दा यी काम सामान्य र स्वाभाविकजस्ता लागे पनि नेपालको सामाजिक न्याय र समानताको हिसाबले महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

युवादेखि ज्येष्ठ नागरिकसम्मको रोजाइमा रहेको ‘टिकटक’मा विगतको सरकारले प्रतिबन्ध लगाएको थियो । सामाजिक मर्यादामा खलल पुगेको भन्दै विगतमा सरकारले नियमनका नाममा सामाजिक सञ्जालमाथि नियन्त्रणको अभ्यास गरेको स्पष्ट छ । यस्तोमा आम जनताको आवाजलाई सम्बोधन गर्दै सरकारले यही भदौ ५ गतेको मन्त्रिपरिषद्को निर्णयबाट टिकटक सञ्चालन फुकुवा गरेको थियो । आम जनताको अर्थोपार्जनको अवसरसँग समेत जोडिएको यो निर्णयले लाखौं युवाको अनुहारमा उज्यालो छाएको सहजै बोध गर्न सकिन्छ । नौ महीना अगाडिदेखि प्रतिबन्ध लगाइएको टिकटक कम्पनीले नेपाल सरकारको सामाजिक सञ्जाल सञ्चालन निर्देशिका अनुसार दर्ता हुन सहमति जनाएपछि प्रतिबन्ध फुकुवा गरिएको सरकारले प्रस्ट गरेको छ । टिकटकमा प्रयोग हुने भाषाको नियमनका लागि अधिकारी तोक्ने, नेपालको पर्यटन र ‘डिजिटल’ शिक्षा तथा सुरक्षामा सहयोग गर्नुपर्नेलगायत विषयमा टिकटक सञ्चालकले सहमति जनाएका छन् । साथै टिकटक सञ्चालक कम्पनी नेपाल सरकारको करको दायरामा समेत आएको छ । यो विषय अझै दूरसञ्चार प्राधिकरणबाट टुङ्गो लाग्न भने बाँकी नै छ ।

यसैगरी, फेसबूक, ह्वाट्सएप, इन्स्टग्रामलगायत सामाजिक सञ्जालहरूलाई पनि नेपालको पर्यटन र डिजिटल शिक्षा तथा सुरक्षामा सहयोग गर्नेगरी दर्ता प्रक्रियामा लैजाने निर्णय सरकारले गरेको छ । लाखौं युवाले आम्दानीको स्रोतका रूपमा उपयोग गरिरहेको र राज्यलाई पनि राजस्व सङ्कलनमा उल्लेख्य सहयोग पुग्ने भएकाले सरकारको यस निर्णयलाई धेरैले स्वागत गरेका छन् ।

यी त भए धेरै ठूलो समुदायलाई प्रभाव पार्ने निर्णयहरू । यी निर्णयले नागरिकमा के प्रभाव पार्छ भनेर परिणाम हेर्न बाँकी नै छ । यसका साथै ठूला दलहरूको सत्ता सहकार्यले अन्तर्राष्ट्रिय सम्बन्धमा समेत सुधारको अपेक्षा गरिएको छ । वर्तमान सरकार सबै छिमेकी देशसँग सुमधुर सम्बन्धको पक्षमा रहेको देखिन्छ । सरकार बनेपछि प्रधानमन्त्री र अन्य मन्त्रीहरूको सन्तुलित विचारले छिमेकी देशसँगको सम्बन्ध सुधारको प्रयासमा रहेको बुझ्न सकिन्छ । (लेखक राससका महाप्रबन्धक हुन् ।)

# विश्वमैं दुर्लभ डङ्गर गिद्धका कञ्चनपुरमा एक सय चौध गुँड

कञ्चनपुर, १५ भदौ/रासस

विश्वमैं दुर्लभ अति सङ्कटापन्न डङ्गर गिद्धले गुँड लगाउन थालेपछि संरक्षणकर्मी निकै उत्साहित भएका छन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्जसँगै त्यसको आसपासको क्षेत्रमा डङ्गर प्रजातिका गिद्धले गुँड लगाउन थालेका हुन् ।

निकुञ्जसँगै त्यसको आसपासका क्षेत्रमा डङ्गर प्रजातिका गिद्धका ११४ गुँड रहेको नेपाल पक्षी संरक्षण सङ्घ (बिसिएन)का चराविज्ञ हीरुलाल डगौराले बताए । उनका अनुसार डङ्गर प्रजातिका गिद्धको निकुञ्जको भतपुरीफाँटामा ८२, तारापुरमा १७, निकुञ्जबाहिरको बन्साहमा छ, पर्सियामा आठ कञ्जमा एकवटा गुँड लगाएको पाइएको छ ।

“विगतको तुलनामा गिद्धले बढी गुँड लगाएका छन्,” उनले भने, “वर्षौंदेखिको संरक्षणको कार्यको प्रभाव देखिन थालेको छ, निकै उत्साहित छौं ।” डङ्गर गिद्धसँगै अति सङ्कटापन्न अवस्थामा रहेको सानो खैरो गिद्धले पनि गुँड लगाएर बच्चा हुर्काउन थालेका छन् । निकुञ्जको भतपुरीफाँटामा दुई, हीरापुरफाँटामा एक गरी तीनवटा सानो खैरो गिद्धको गुँड फेला परेको चराविद् डगौराले जानकारी दिए ।

“सर्भेका क्रममा कञ्चनपुरसँगै डडेल्धुरामा दुई, कैलालीको चरा तथा जैविक विविधता क्षेत्रमा १२ वटा डङ्गर गिद्धका गुँड फेला परेका छन्,” चराविद् डगौराले भने, “बैतडीको खोड्पेमा नौवटा हिमाली गिद्धका गुँड फेला पारेका छौं ।”

अतिसङ्कटापन्न डङ्गर, सानो खैरो र सङ्कटापन्नको सूचीमा रहेको हिमाली गिद्धका गुँड रहेका क्षेत्रमा नियमित अनुगमनको कार्य भइरहेको छ । चराविद् डगौराका अनुसार डङ्गर, सानो खैरो, लामो ठुडे र सुन गिद्ध अतिसङ्कटापन्न र सेतो गिद्ध सङ्कटापन्न अवस्थामा रहेका छन् ।

नेपालमा नौ प्रजातिका गिद्धहरू पाइने गरेका छन् । जसमा डङ्गर, सानो खैरो, सेतो हिमाली, लामो ठुडे, सुन, हाडफोर, खैरो र राज गिद्ध रहेका छन् । डाइक्लोफेनेक औषधि पशु उपचारका लागि उत्पादन, बिक्री वितरणमा र प्रयोगमा पूर्ण प्रतिबन्ध, भेटेरिनरी अनुगमन, गिद्धलाई सेटेलाइट ट्रेकिङ गरी वातावरणमा छाड्ने कार्य, सुरक्षित आहार केन्द्र स्थापनासँगै बासस्थान सुधारमा ध्यान दिइँदा गिद्धको सङ्ख्यामा वृद्धि हुँदै गएको उनको भनाइ छ ।

समुदायस्तरमा आयोजना गरिंदै आएका सचेतनमूलक कार्यहरू पनि गिद्ध संरक्षणमा टेवा पुगेको उनी बताउँछन् । समुदायसँगको सहकार्यमा अहिले गिद्ध संरक्षणका कार्यहरू अगाडि बढ्दै आएका छन् ।

सन् १९९० को दशकमा नाटकीयरूपमा ९९ प्रतिशतले गिद्ध घटेको पाइएको थियो भने नेपालमा सन् २००२ देखि २०१० सम्मको नेपाल पक्षी संरक्षण सङ्घले गरेको राजमार्ग ट्रान्सेक्ट सर्भेबाट डङ्गर गिद्ध ९१ प्रतिशत र सानो खैरो गिद्ध ९६ प्रतिशतले घटेको पाइएको थियो ।

पछिल्ला अनुसन्धानहरूले किटोप्रोफेन, निमुसलाइड, फ्लुनिक्सिन, कारप्रोफेन, एसिक्लोफनेक आदि औषधिहरू गिद्धहरूका लागि विषात्कता मानिएका छन् । नेपालमा यस्ता औषधिहरूको प्रयोगमा प्रतिबन्ध अझै भइसकेको छैन ।

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# जापानमा सानसान आँधीको गति घट्यो

टोकियो, १५ भदौ/एएफपी

जापानमा आएको शक्तिशाली आँधीका कारण शनिवार पनि उडान तथा रेलसेवा अवरुद्ध जारी रहेको जनाउँदै छजनाको मृत्यु भएको भने १२० जनाभन्दा बढी घाइते भएका छन् ।

एजेन्सीका अनुसार पछिल्लो समयमा आँधीको गति घटेसँगै "डाउनग्रेड" उच्च बहावको जोखिमका कारण नदीनजीकैका करीब दुई हजार बासिन्दालाई निकासी चेतावनी जारी गरेको छ भने उत्तरी होक्काइडोका केही



अधिकारीहरूले भारी वर्षाका कारण सम्भावित बाढीपहिरोको चेतावनी दिएका छन् ।

सानसान दशकौंको अन्तरालमा जापानमा आएको सबैभन्दा भयानक आँधी हो, जुन बिहीवार क्युसु टापुमा अवतरण भएको थियो । सुरुआती समयमा २५२ किलोमिटर प्रतिघण्टाको दरमा बहेको उक्त आँधीको गति पछिल्लो समयमा ९० किलोमिटर प्रतिघण्टामा झरेको फायर एन्ड डिजास्टर म्यानेजमेन्ट एजेन्सीले जनाएको छ ।

फायर एन्ड डिजास्टर म्यानेजमेन्ट एजेन्सीका अनुसार आँधीका कारण समाचार तयार पार्दासम्म कम्तीमा गरिएको, सानसान शनिवार पश्चिमी क्षेत्रबाट पूर्वतिर सर्दै गएको छ ।

आँधीको गति घटे पनि प्रभाव कायम रहेकाले एएनए र जापान एयरलाइन्सले शनिवारका लागि करीब ६० वटा आन्तरिक उडानहरू रद्द गर्दा करीब सातजना यात्रु प्रभावित भएका छन् । यसैगरी, बाढीको कारण देखाउँदै मध्य शहर नागोयामा सिकाङ्नसेन बुलेट ट्रेनहरू पनि स्थगित गरिएका थिए ।

जापान मौसम विज्ञान एजेन्सीले बाढी पहिरो तथा नदीमा पानीको उच्च बहावको अनुमान गरी चेतावनी जारी राखेको छ।

यसैगरी, मध्य गिफु क्षेत्रमा नदीमा शहरहरूमा भारी वर्षा भएको छ ।

अपरेटरका अनुसार दक्षिणी कागोशिमा क्षेत्रका ३२ हजारभन्दा बढी घर सानसानको प्रभावले गर्दा विद्युत्‌विहीन भएका छन् ।

वैज्ञानिकहरूका अनुसार जलवायु परिवर्तनका कारण जापानलगायत अन्य ठाउँमा मौसमी प्रतिकूलता र जोखिम बढिरहेको छ ।

सन् २०२१ अत्यधिक वर्षाका कारण केन्द्रीय रिसोर्ट शहर अटामीमा विनाशकारी बाढीपहिरो आउँदा २७ जनाको मृत्यु भएको थियो ।

यसैगरी, सन् २०१८ मा पश्चिमी जापानमा बाढीपहिरोले २०० भन्दा बढी मानिसहरूको ज्यान लिएको थियो। रासस

# नाटो प्रमुखद्वारा युक्रेनी आक्रमणको समर्थन

बर्लिन, १५ भदौ/एएफपी

नाटो प्रमुख जेन्स स्टोल्टेनबर्गले रूसको कुर्कुस क्षेत्रमा भएको युक्रेनी आक्रमण युक्रेनको आत्मरक्षा लागि भएको जनाउँदै युक्रेनलाई सीमा क्षेत्रमा आक्रमण गर्ने पूर्ण अधिकार रहेको बताएका छन् ।

जर्मन अखबार डी वेल्टमा शनिवार प्रकाशित समाचारमा उनले युक्रेनलाई अन्तर्राष्ट्रिय कानून अनुसार आफ्नो रक्षा गर्ने अधिकार रहेको बताएका हुन् ।

आक्रमणले किएभका सहयोगीको पनि ध्यानाकर्षण गरेको उल्लेख गर्दै, स्टोल्टेनबर्गले यसमा पश्चिमी सैन्य गठबन्धनले कुनै भूमिका नखेलेको जनाएका छन् ।

स्टोल्टेनबर्गले युक्रेनको युरोपेली सैन्य उपकरणदाता तथा जर्मनीको प्रतिबद्धतालाई स्वागत गर्दै बर्लिनले अर्को वर्षको बजेटमा किएभलाई सहयोग गर्ने तयारी गरिरहेको बताए ।

जर्मनीले युक्रेनलाई आवश्यक सैन्य उपकरण सहयोग निरन्तर जारी राख्ने निर्णय सार्वजनिक गर्दा चान्सलर ओलाफ स्कोल्जको सरकार गत हप्ता कडा आलोचनामा परेको थियो । रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष: भयचिन्ता | वृष: मित्रमिलन |
| मिथुन: कान्तिक्षय | कर्कट: सुयश |
| सिंह: व्यर्थभ्रमण | कन्या: धनलाभ |
| तुला: सफलता | वृश्चिक: ईश्वरभक्ति |
| धनु: रोगभय | मकर: व्यापारवृद्धि |
| कुम्भ: शत्रुभय | मीन: कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# स्वायत्त ड्राइभिङ टेक्नोलोजीको विकासमा जोड –बिएमडब्लू

शेनयाङ, १५ भदौ/सिन्ह्वा

जर्मन कार निर्माता बिएमडब्लू समूहले उत्तरपूर्वी चीनको लिओनिङ प्रान्तको राजधानी शेनयाङमा रहेको अनुसन्धान र विकास केन्द्रमा यस वर्षको अन्त्यमा शुरू हुने नयाँ सुविधासहितको स्वायत्त ड्राइभिङ प्रविधिको विकासलाई तीव्रता दिने जनाएको छ ।

शेनयाङ केन्द्रले यस वर्ष सेप्टेम्बर र डिसेम्बरमा एक स्वायत्त ड्राइभिङ डाटा प्रोसेसिङ सेन्टर र एक स्वायत्त ड्राइभिङ परीक्षण कार्यशाला खोल्ने योजना बनाएको बिएमडब्लू समूहले जनाएको छ ।

डाटा प्रोसेसिङ सेन्टरले स्वायत्त ड्राइभिङ टेस्ट डाटालाई कुशलतापूर्वक प्रशोधन गर्न मदत गर्नेछ। स्वायत्त ड्राइभिङ परीक्षण कार्यशालाले मुख्यरूपमा नयाँ स्थानीय मोडेलका लागि स्वायत्त ड्राइभिङ कार्यहरू प्रमाणीकरण गर्नेछ ।

चिनियाँ अनुसन्धान र विकास (आरएन्डडी) टोलीले स्वायत्त ड्राइभिङ टेक्नोलोजीको सम्भावना र सीमाहरू विस्तार गर्ने र उच्चस्तरको स्वायत्त ड्राइभिङ टेक्नोलोजीको प्राप्तिमा जोड दिने कार निर्माताले बताए ।

बिएमडब्लू ब्रिलायन्स आरएन्डडी सेन्टरका उपाध्यक्ष प्याट्रिक मुलरले बिएमडब्लू ब्रिलायन्स अटोमोटिभ लिमिटेडले भविष्यमा सेनयाङसँग सवारीसाधन परीक्षण, सूचना आदानप्रदान, स्वायत्त ड्राइभिङ नीति र नियमहरू बनाउने क्षेत्रमा सहकार्य गर्दै यसलाई सुदृढ गर्ने बताए । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**डाली किनमेल :** सर्लाही सदरमुकाम मलङ्वा-९ स्थित जनसागर बजारको सडक किनारामा बाँसबाट निर्मित डाली (दउरी) व्यापारीसँग खरीद गर्दै ग्राहक । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# ठेक्का तोड्ने चेतावनीपछि काममा फर्कियो निर्माण कम्पनी

नवलपुर (नवलपरासी), १५ भदौ/रासस

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पूर्वपश्चिम राजमार्गको नारायणगढ–बुटवल सडकको ठेक्का तोड्ने सरकारले चेतावनी दिएपछि निर्माण कम्पनी काममा फर्केको छ । मनसुन शुरू भएपछि सडक विस्तारको काम ठप्प पारेको निर्माण व्यवसायीलाई काममा ढिला गरे ठेक्का तोड्ने भनेर चेतावनी दिइएको सडक विभाग आयोजना निर्देशनालय (एडिबी)का निर्देशक इन्जिनीयर चुडाराज ढकालले बताए ।

"निर्माण व्यवसायीले मनसुनका कारण ठेक्कामा घाटा भयो भनेर काममा ढिलासुस्ती गरेको थियो, अगस्त र सेप्टेम्बर महीनामा काम ढिला हुन्छ भनेर भन्दै थियो"–उनले भने–"घाटानाफा हामी जान्दैनौं सम्झौता अनुसार काम हुनुपर्छ, तुरुन्त काम शुरू गर्नु होइन भने हामी ठेक्का तोड्ने प्रक्रियामा जान्छौं भनेपछि उनीहरू काममा फर्केका छन् ।"

नारायणगढ–बुटवल सडक विस्तारको जिम्मा पाएको चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन लिमिटेड चाइनाको सरकारी निर्माण कम्पनी भएकोले काम चाँडो गराउन कूटनीतिक पहल गरिएको उनले बताए ।

"निर्माण व्यवसायी चाइनाको सरकारी कम्पनी हो"–उनले भने–"जसरी हुन्छ नारायणगढ–बुटवल सडक विस्तारको काम थप भएको समयमा सक्न हामीले डिप्लोमेटिक पहलसमेत थालेका छौं ।" निर्माण कम्पनीको दोस्रोपटक थप गरिएको म्याद गत साउन ८ गते सकिएपछि अहिले एक वर्षका लागि तेस्रोपटक म्याद थप गरिएको ढकालले बताए । अहिले थप गरिएको म्याद नै अन्तिम म्याद भएको भन्दै ढकालले थप समयका काम पूरा नगरे ठेक्का तोड्ने प्रक्रियामा जाने बताए ।

निर्माण कम्पनीले असार लागेदेखि नै सडक विस्तारको काम स्थगित गरेर खाल्डाखुल्डी पुर्ने र मनसुनका कारण अवरुद्ध हुने सडक खुलाउने काम मात्रै गर्दै आएको थियो । मनसुनका कारण स्थगित भएको सडक कालोपत्र गर्ने काम मौसममा सुधार भएपछि पुनः शुरू गरिएको नारायणगढ–बुटवल सडक योजना पूर्वी खण्ड प्रमुख आशिष थापा मगरले जानकारी दिए। मनसुन अगाडि नै 'सबबेस' र 'बेस'को काम सकिएको ठाउँमा कालोपत्र पुनः शुरू गरिएको उनको भनाइ छ ।

अहिले नारायणगढ–बुटवल सडकको पूर्वी खण्डमा पर्ने गैंडाकोट नगरपालिकाका विभिन्न स्थानमा कालोपत्र गर्ने काम भइरहेको थापा मगरको भनाइ छ । "मनसुन अगाडि सबबेस र बेस निर्माण गरेर राखिएको ठाउँको कालोपत्र गर्ने काम सकेपछि बाँकी

(बाँकी अन्तिम पातामा)

**विश्वमै ...**

विषादीको गैरकानूनी तवरले मृत पशुहरूमा प्रयोग गर्ने, अव्यवस्थित विद्युतीय तारमा परी गिद्धको मृत्यु हुने, अन्तरदेशीय कानुनी अड्चनका कारण समयमैं घाइते गिद्धहरूको उद्धार हुन नसक्दा गिद्धको मृत्यु हुने गरेको चराविद् डगौरा बताउँछन्।

बासस्थान विनाश, आधुनिक कृषि प्रणालीको विकास र मृत पशुचौपायहरू गाड्ने चलनका कारण खानाको कमी तथा अभाव गिद्धविनाको अर्को कारणका रूपमा रहेको छ । "पछिल्ला वर्षहरूमा गिद्ध संरक्षणका लागि गरिएका प्रयासले सार्थकता पाएका छन्," गिद्ध संरक्षणको क्षेत्रमा क्रियाशील सुवन चौधरी भन्छन्, "गिद्ध जोगाउने अभियानमा समुदायलाई जोड्दा बासस्थान सुधार भएको छ, त्यसको परिणामस्वरूप गिद्धको सङ्ख्या बढेको छ ।"

"गिद्ध मांसाहारी चरा भएपनि आफैंले शिकार गर्दैन, मरेका जनावरको सिनो खाएर वातावरणलाई सन्तुलित बनाउनमा अहम् योगदान पुऱ्याउँछ," चौधरी भन्छन्, "त्यसैले यसलाई प्रकृतिको कूचीकार पनि भनिन्छ।" सिनोका कारण वातावरण दुर्गन्धित हुँदा फैलिने हैजा, टाइफाइड, आउ, पखालालगायत रोगहरू गिद्धले सिनो खाँदा न्यूनीकरण हुँदै आएको उनको बुझाइ रहेको छ ।

धार्मिक मान्यता अनुसार हिन्दू धर्मावलम्बीहरूले गिद्धलाई शनिदेवको वाहनका रूपमा लिने गरेका छन्। धार्मिक महत्त्वको गिद्धलाई जोगाउन सबै क्षेत्रको सहकार्य आवश्यक रहेको चौधरीको भनाइ छ। नेपाल सरकारले सन् २०२३ देखि २०२७ सम्मको गिद्ध संरक्षणका लागि पञ्चवर्षीय योजना बनाइ लागू गरेको छ ।





**वीरगंजमा तरकारी किन्दै :** वीरगंज महानगरपालिका-९ स्थित गीतामन्दिनजीकै हाटबजारमा तरकारी किनमेल गर्दै सर्वसाधारण । तस्बिरः हिमाल लम्साल/रासस

# लायन्सद्वारा कैदीबन्दीलाई दर सामग्री हस्तान्तरण

प्रस, वीरगंज, १५ भदौ/

लायन्स क्लब अफ मेलेनियम एमजेएफको आयोजनामा शनिवार वीरगंज सुधार गृह (कारागार)का महिला महिला कैदीबन्दीरूलाई लायन्सकी उषा शाहले शृङ्गार सामग्री र दर खाने सामग्री हस्तान्तरण गरेकी थिइन् । सो अवसरमा लायन्स क्लब अफ मेलेनियम कार्यक्रममा आशा गौतम, रामप्रसाद पण्डित, सरीता पण्डित, गौरीशङ्कर साह, रमेश दत्त, उदयराज शर्मा, रामानन्द कुर्मी, सुलेखा दत्तलगायतको सहभागिता थियो ।





कैदीबन्दीहरूलाई तीजको दर खुवाइएको छ ।

लायन्स क्लब अफ मेलेनियम एमजेएफले हरितालिका तीजको अवसरमा वीरगंज सुधार गृह (कारागार)का महिला कैदीबन्दीहरूलाई प्रत्येक वर्ष दर खुवाउँदै आएको लायन्सका सुमन श्रेष्ठले बताए । एमजेएफका अध्यक्ष विनोद खण्डेलवाल, पशुपति विक्रम शाह, निमित्त जेलर विनय श्रीवास्तवलगायतको सहभागिता थियो ।

यसैगरी, वीरगंज–१५ ज्येष्ठ नागरिक पार्कमा योगसाधकहरूले तीजको अवसरमा दर खाएका छन् । ज्येष्ठ नागरिक सङ्घ, पर्साका अध्यक्ष श्याम पोखरेलको अध्यक्षतामा भएको दर


## बाढीपहिरोबाट जोगिऔं

- जथाभावी सडक निर्माण, खोला उत्खनन र वनविनाशले बाढी पहिरो निम्त्याउने हुँदा:
- वृक्षारोपण गरौं, वनजङ्गल जोगाऔं, बाढी पहिरो नियन्त्रण गरौं,
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रूख, बाँस, निगालोजस्ता भूक्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं,
- बस्ती तथा समुदायको रक्षा गरौं,
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं,
- घर बनाउने स्थान बाढी तथा पहिरोको जोखिममा भए नभएको यकीन गरौं ।

**बाढी पहिरोबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**





## टिपरको ठक्करबाट एकजना घाइते

प्रस, रौतहट, १५ भदौ/

दुर्गाभगवती गाउँपालिकाको गङ्गापिपरा बजारमा टिपरको ठक्करबाट एकजना गम्भीर घाइते भएका छन् ।

दुर्गाभगवती गापा–१ गङ्गापिपरा बजारमा शनिवार बिहान ९:५० बजेको समयमा समनपुरबाट गौरतर्फ गइरहेको ना.८ख ३६६६ नम्बरको टिपरले ४५ वर्षीय रामअश्रे पासवानलाई ठक्कर दिंदा उनी गम्भीर घाइते भएका थिए ।

पासवानको दाहिने खुट्टाको माथिबाट टिपर गुडेपछि गम्भीर घाइते पासवानलाई स्थानीयहरूले उपचारको लागि बाग्मती अस्पतालमा पुऱ्याएका थिए। प्राथमिक उपचारपछि घाइते पासवानलाई वीरगंज रेफर गरी पठाइएको छ ।

टिपर र चालक राहुल सहनीलाई इलाका प्रहरी कार्यालय, गङ्गापिपराले नियन्त्रणमा लिएको छ ।

## भोजपुरी भक्तिभजन एलबमको विमोचन

प्रस, वीरगंज, १५ भदौ/

भोजपुरी गायक सुनील पण्डितको भोजपुरी भक्तिभजन एलबमको शनिवार वीरगंजको गहवामाई मन्दिरमा विमोचन भएको छ ।

गायक पण्डितका दुईवटा भक्तिभजन रहेको 'रहिया निहारता माई बेटवा तोहार' नामक भक्तिभजन एलबमको प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले विमोचन गरेका थिए । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, भोजपुरी कलाकारहरू जीतु जीतेन्द्र, अराधाना श्रीवास्तव, दीपेश शर्मा, अजय पटेललगायतको सहभागिता थियो ।

### ठेक्का तोड्ने ...

रहेका ठाउँमा सबबेस र बेस निर्माण गर्ने निर्माण व्यवसायीको तयारी छ"–उनले भने–"अब मनसुनले असर पुऱ्याएन भने काम तीव्र गतिमा हुँदैछ ।" कालोपत्र कामसँगै सडकका खाल्डाखुल्डी पुर्ने र सडकमा पानी छर्कने कामसमेत भइरहेको उनले बताए ।

नारायणगढबाट बुटवलसम्म ११४ किलोमिटर सडक दुई खण्डमा विभाजन गरी ठेक्का लगाइएको थियो । नारायणगढबाट दाउन्नेसम्म ६५ किलोमिटर पूर्वी खण्ड र दाउन्नेबाट बुटवलसम्म ४९ किलोमिटर पश्चिम खण्ड गरी सडक विस्तारको काम भइरहेको छ । ग्लोबल टेन्टरमार्फत दुवै खण्ड निर्माणको ठेक्का चिनियाँ निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन लिमिटेडले हात पारेको थियो ।

सडक विभाग आयोजना निर्देशनालय (एडिबी)ले जनाए अनुसार असार मसान्तसम्म पूर्वी खण्डमा ५२.५१ प्रतिशत भौतिक र ४६.०२ प्रतिशत वित्तीय प्रगति भएको छ । त्यस अवधिसम्म १७२ वटा कल्भर्ट निर्माण सम्पन्न, २२ वटा साना पुल निर्माण सम्पन्न भएको निर्देशनालयले जनाएको छ । एकतर्फी हिसाब गर्दा १३० किलोमिटर कालोपत्र गर्नुपर्ने यस खण्डमा करीब ४५ किलोमिटर कालोपत्र तथा ४० किलोमिटर नाली निर्माणको काम सकिएको निर्देशनालयले निकालेको विज्ञप्तिमा जनाइएको छ ।

यस खण्ड विस्तारका लागि विसं २०७५ माघमा सम्झौता भएर सोही वर्षको चैत ८ गते प्रधानमन्त्री केपीशर्मा ओलीले बुटवलमा शिलान्यास गरेका थिए। अहिले पुनः प्रधानमन्त्रीका रूपमा केपी ओली आएपछि सडक विस्तारको काम चाँडो सम्पन्न हुनेमा जिल्लावासी आशावादी छन् ।

# खेलकूदको संसार

## सिमरामा चौथो अन्तर्राष्ट्रिय भेट्रान कप फूटबल प्रतियोगिता हुने

प्रस, वीरगंज, १५ भदौ/

बारा जिल्ला जीतपुरसिमरा उपमहानगरपालिकाको सिमरामा चौथो अन्तर्राष्ट्रिय जीतपुरसिमरा भेट्रान कप फूटबल प्रतियोगिता–२०८१ आगामी असोज १ गतेदेखि सञ्चालन हुने भएको छ ।

सिमरा भेट्रान क्लबले असोज १ गतेदेखि प्रतियोगिता हुने शनिवार पत्रकार सम्मेलन गरी जानकारी गराएको हो । क्लबका सचिव हरि चौधरीले सिमरा रङ्गशालामा हुने प्रतियोगिता असोज ५ गतेसम्म चल्ने बताए । उनले खेलकूद नै राष्ट्र र स्वास्थ्यको आयाम भन्ने नाराका साथ आयोजना गर्न लागिएको प्रतियोगितामा १२ वटा टीमको सहभागिता रहने जानकारी गराए । पत्रकार सम्मेलनमा सचिव चौधरीले विजेता टीमले नगद रु तीन लाख र उपविजेताले एक लाख ५० हजार रुपैयाँ नगद पुरस्कार पाउने बताए ।




चौथो अन्तर्राष्ट्रिय जीतपुरसिमरा भेट्रान कप फूटबल प्रतियोगिता–२०८१ मा युनिटी क्लब वीरगंज, हेटौंडा भेट्रान क्लब मकवानपुर, चितवन भेट्रान फूटबल क्लब चितवन, रियल फ्रेन्ड भेट्रान सिक्किम, सरस्वती नगर भेट्रान क्लब काठमाडौं, हाम्रो धरान फूटबल क्लब धरान, कटारी टाइगर भेट्रान क्लब कटारी, पोखरा भेट्रान पोखरा, भारतका लेजेन्ड भेट्रान्स क्लब दार्जीलिङ, क्लिभ हाउस भेट्रान फूटबल क्लब कोलकाता र आयोजक सिमरा भेट्रान क्लब सिमरा गरी १२ वटा टीम सहभागी हुने सचिव चौधरीले बताए । उनले अहिले एउटा टीमबाट सहभागिताको लागि जानकारी नआएको बताए ।

सचिव चौधरीले देशकै सर्वाधिक धनराशि भएको प्रतियोगिता सिमरामा आयोजना गर्न लागिएको दाबी गरे । उनले प्रतियोगिता सम्पन्न गर्नका लागि आन्तरिक तयारी तीव्र गतिमा भइरहेको बताए । प्रतियोगितामा कुल ३२ लाख ५३ हजार रुपैयाँको खर्च अनुमान गरिएको र सोको लागि क्लबका अध्यक्ष राजकपूर राउत विजयको संयोजकत्वमा मूल आयोजक समिति गठन गरिएको बताए ।

पत्रकार सम्मेलनमा नेपाल पत्रकार महासङ्घ बाराका अध्यक्ष रेशम तिवारी, मधेस प्रदेशकी सदस्य लक्ष्मी खरेल, जीतपुरसिमरा उपमहानगरपालिकाका वडासदस्य विशाल घिमिरे, सदस्य राजु तिमल्सिनालगायतको सहभागिता थियो । पत्रकार सम्मेलन क्लबका अध्यक्ष विजयको अध्यक्षतामा भएको थियो भने स्वागत सल्लाहकार विनोद परियार र सहजीकरण प्रदीप गौतमले गरेका थिए ।

## पारालिम्पिकः पलेशालाई कांस्य पदक

काठमाडौं, १५ भदौ/रासस

पलेशा गोवर्द्धनले पारालिम्पिकमा नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाएकी छन् । पेरिस पारालिम्पिक २०२४ अन्तर्गत गएराति सम्पन्न के–४४ वर्ग अन्तर्गत महिला ५७ किलोमुनिको स्पर्धामा पलेशाले सर्बियाकी मारिजा मिचेभलाई १५–८ ले पराजित गर्दै कांस्य जितेकी हुन् ।



पारालिम्पिकमा पदक जित्ने उनी पहिलो नेपाली खेलाडी बनेकी छन् । हिजै भएको पहिलो चरणको खेलमा उनले भेनेजुएलाकी भलेरिया मोराल्सलाई ३१–० ले पराजित गर्दै क्वार्टरफाइनलमा स्थान बनाएकी थिइन् । तर क्वार्टरफाइनलमा ब्रजीलकी सिल्भाना फर्नान्डिससँग १०–८ ले पराजित भएकी थिइन् ।

दोस्रो चरणमा पराजित भएका कारण उनले रिपाचेजमा मौका पाएकी थिइन् । जसमा फ्रान्सकी सेफी कार्भजनलेलाई २–१ ले पराजित गर्दै उनी कांस्य नजीक पुगेकी थिइन् ।

गत चैतमा चीनको ताइयानमा भएको पारालिम्पिकको एशियाली छनोट प्रतियोगितामा उनले स्वर्ण पदक जित्दै पेरिस पारालिम्पिकमा छनोट भएकी हुन् । छनोट चरण पार गर्दै पारालिम्पिक खेल्ने पलेशा पहिलो नेपाली खेलाडी हुन् । उनी चीनमा भएको १९औं एशियाली खेलकूदकी पनि ऐतिहासिक कांस्य पदक विजेता हुन् ।

नेपालले सन् २००४ को एथेन्ज पारालिम्पिकदेखि पारालिम्पिकमा सहभागिता जनाउन थालेको हो । १० वर्षको उमेरदेखि तेक्वान्दो खेल्न थालेकी पलेशा २०१६ मा पारा राष्ट्रिय टीममा आबद्ध भएकी थिइन् । त्यसयता उनले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाइसकेकी छन् । पारा तेक्वान्दो, जोर्डनमा २०१९ मा भएको पाँचौं एशियाली पारा खुला तेक्वान्दो र २०१९ मैं टोकियो पारालिम्पक गेम्सको टेस्ट इभेन्टमा पाँचौं स्थान हासिल गरेकी थिइन् ।

यसैगरी, सन् २०१९ मा टर्कीमा भएको आठौं विश्व पारा तेक्वान्दोमा नवौं स्थान हासिल गरेकी पलेशाले साउदी अरेबियामा भएको विश्व पारा तेक्वान्दो ग्रान्ड प्रिक्समा पनि सहभागिता जनाएकी थिइन् ।

### १७८ जनाद्वारा ...

यसैगरी, वीरगंज–१३ राधेमाईमा गोपाल सेवा समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए । कार्यक्रममा दिनेश साह कानू, रवीन्द्र यादव, हरिलाल साह, अशोक यादवलगायतले रक्तदान गरेका थिए ।

यसैगरी, जीतपुरसिमरा उपमहानगरको सिमरामा नेपाल अटोमेकानिकल ट्रेड युनियनले आयोजना गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ३७ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक मनीष कुमारले बताए ।

### निश्शुल्क ...

अस्पतालका स्वास्थ्य संयोजक महेशसिंह धामीले बताए ।

मोतीबिन्दुका बिरामीलाई भोलि भदौ १६ गते आइतवार सामुदायिक अस्पतालमा निश्शुल्क शल्यक्रियाको व्यवस्था मिलाइएको स्वास्थ्य संयोजक धामीले बताए ।

नेपाली काङ्ग्रेसका नेता राकेश यादवले उद्घाटन गरेको शिविरमा युवा समाजका अध्यक्ष कृष्ण कुशवाहा, सचिव सुवास प्रजापति, कोषाध्यक्ष राकेश तिवारीलगायतको सहभागिता थियो ।

## वैज्ञानिक पार्टीको जिल्ला भेला

प्रस, वीरगंज, १५ भदौ/

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी पर्साको प्रथम जिल्ला सम्मेलन पर्सागढी नगरपालिकामा शनिवार सम्पन्न भएको छ । सो अवसरमा बहुअर्वाबाट ऱ्याली निकालेर




नगरपरिक्रमा गरिएको थियो । ऱ्यालीपछि जिग्नामा आयोजित भेलाले धनबहादुर श्रेष्ठ सचिव रहनेगरी सर्वसम्मत २७ सदस्यीय पर्सा जिल्ला कमिटी चयन गरेको छ । कमिटीका सदस्यहरूमा भगीरथी प्रकृति, विक्रम रायभर, सुशीलादेवी हजरा, रिङ्कु कुमारी, साजन यादव, शिवमङ्गल राम, रूपमाला पासवानलगायत छन् ।

भेलाले यही असोज ३–५ गतेसम्म काठमाडौंमा हुने राष्ट्रिय सम्मेलनमा सहभागिताको लागि व्यापक जनपरिचालन गर्ने निर्णय गरेको बताइएको छ ।

भेलामा पार्टीको मिथिला भोजपुरा ब्युरो संयोजक मदन प्रभात, सचिवालय सदस्य बैधनाथ श्रमजीवी, महिला सङ्गठनकी केन्द्रीय सदस्य भागीरथी प्रकृतिलगायतले मन्तव्य व्यक्त गरेका थिए।